[१४] दरबार क्याम्पभित्रको घरकाज बनाउने काम।

२ श्री मे. ज. योगविक्रमको यो नियुक्तिको सूचना नेपाल गजेटमा छाप्न र नेपाल सरकारका तमाम सेक्रेटरी र विभिन्न विभागका प्रधान कर्मचारीहरूलाई सूचना गर्न श्री ५ महाराजाधिराजबाट आदेश बक्सेको छ।

गोविन्दनारायण—
श्री ५ महाराजाधिराजको---सेक्रेटरी.

# नेपाल बुरो अफ् माइन्सको सूचना

नेपाल सरहद्भित्र निम्न लिखित शर्तमा चून पोली निकासी गर्न पाउने भएको छ।

१ हाललाई यो काम लिमिटेड कंपनी वा व्यक्तिगतबाट मात्र गराउने।

२ सो काम गर्नलाई पाँच वर्गमीलको इलाकाभित्र काम गर्न पाउने गरिदिने।

३ सो काम गर्न पाएको इलाकाको हरेक वर्गमीलको रू. ५। पाँचको दरले सालिआना सर्फेसरेन्ट लिने गर्ने।

४ सो कामको पट्टा पाउनेले पट्टाको इलाका भित्र जति भट्टा राखी काम गर्दछ, सो भट्टाको वर्ष एकको रु. ५०००। पाँच हजार रुपैयाँका दरले पेस्की सलामी लिने।

५ सलामी बुझाउने भएकोले तयार गरेको चूनमा निकासी पैठारी महसूल नलाग्ने गरी दिने।

६ चून तयार गर्न लकडी चाहिएमा पट्टावालाले वनमन्त्रालयमार्फत जाहेर गरी चाहिंदो लकडी सरकारिया दरमा पाउने गरी निकासा गराई लिनुपर्ने।

७ कसैले कोइलाबाट चून पोल्ने भै वा कुनै कारणबाट नेपाल भारत सीमानाको एक मिलभित्र भट्टा राखी चून पोल्ने रहेछ भने त्यसमा ४ दफाबाट लाग्ने सलामीमा रू २५०। दुइसय पचासका दरले थप सलामी लाग्ने गरिदिने।

८ यो कामको पट्टा दिंदा ३ बर्षको निमित्त मात्र गरिदिने।

ने. स. प्र. वि.

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।